निर्णयनं.

**कर, दस्तुर, महशुल तथा शुल्क असुल गर्ने सम्बन्धि नगरपालिकाको निति निम्नानुसार हुने निर्णय गरियो ।**

क. नगरपालिकाबाट दिइने जुन सुकै सेवा लिनका लागि सम्बन्धित करदाताबाट लिन पर्ने सम्पूर्ण कर,दस्तुर,महशुल तथा सेवा शुल्क अनिवार्य रुपमा चुक्ता गरि न.पा.ले सेवा दिन सक्नेछ ।

ख. एकिकृत सम्पत्तिकर बुझाउदां करदाताले अन्य कर तथा दस्तुर र सेवा शुल्क बुझाउन पर्ने रहेछ भने सो समेत अनिवार्य रुपमा चुक्ता गर्नु पर्नेछ ।

ग. एकिकृत सम्पत्तिकरको फाराम पेश गर्दा रजिष्ट्रेशन पास भई आएका जग्गाहरुको पास भएको आ.व.को अर्को आ.व.मा फाराम भरि बुझाउदां विलम्व शुल्क लाग्ने छैन ।

घ. न.पा.को स्विकृत वेगर बनेका घरहरुको नक्सापास गर्दा नगरप्रमुखले तोके बमोजिमको जरिवाना सम्बन्धितले बुझाउनु पर्नेछ ।

ड. एकिकृत सम्पत्तिकरको जरिवाना १ बर्ष सम्म मात्र बक्यौता भएमा बक्यौता रकम १० प्रतिशत लाग्ने र १ बर्ष भन्दा माथि विगत बर्षहरुको बक्यौता रकममा २० विस प्रतिशत जरिवाना लाग्नेछ ।

च. नगरपालिकाबाट टेण्डर कोटेशनका लागि सूचना प्रकाशित गर्दा नगरपालिका क्षेत्रभित्रका ठेक्का पट्टाको फर्म तथा अन्य व्यवसाय गर्ने व्यवसायीहरुले न.पा.मा व्यवसाय दर्ता गरेको र चालु आ.व. सम्म कर तिरेको प्रमाणपत्र अनिवार्य रुपमा फाराम खरिदका लागि पेश गर्नु पर्ने र व्यवसाय दर्ता भई प्रमाण पत्र लिएका व्यवसायलाई मात्र फराम उपलब्ध गराउनु पर्नेछ । **jv** मा हुने ठेक्कापट्टामा समेत यो व्यवस्था कायम हुनेछ । न.पा. मा दर्ता भएका व्यवसायलाई प्राथमिकता दिईनेछ ।

छ. नगरपालिकाले नगर क्षेत्रभित्रका व्यापार व्यवसायबाट सामान खरिद गर्दा न.पा.मा व्यवसाय दर्ता गरेका चालु आ.व. सम्मको कर तिरेका व्यवसायबाट मात्र कारोवार गरिनेछ । र व्यवसाय दर्ता भएका व्यवसायलाई प्राथमिकता दिइनेछ ।

## ज. नगरपालिकामा नक्सा बनाउने कार्यको सूचिकृत गर्दा निम्नानसार गर्नेः-

**क. सूचिकृत तर्फः-**

१. इन्जिनियर भएको फर्म जिल्ला भित्रकोलाई रु. २०००।- र जिल्ला बाहिरको लाई रु. ५,०००।-
२. सव इन्जिनियर भएको फर्म जिल्ला भित्रकोलाई रु. १२००।- जिल्ला बाहिरको लाई रु. २,०००।-
३. जिल्ला भित्रका फर्महरुलाई बार्षिक नविकरण गर्दा इन्जिनियर तर्फ रु. ८००।- र सव इन्जिनियर तर्फ रु. ५००।-
४. जिल्ला बाहिरका फर्महरुलाई बार्षिक नविकरण गर्दा इन्जिनियर तर्फ रु. २०००।- र सव इन्जिनियर तर्फ रु. १०००।-

**ख. व्यवसाय कर तथा नविकरण तर्फ.**

१ . सुचिकृत भएको हुने फर्मले दर्ता भएको अर्को आ.ब. देखि व्यवसाय कर वापत अग्रिम चालु आ.ब.को व्यवसाय कर अनिवार्य रुपमा बुझाउनु पर्नेछ व्यवसाय दर्ता गर्नु पर्नछ ।

झ. **घर माथि राखिने विभिन्न किसिमका टावरको लागि निम्नानुसार कर तथा शुल्क लिई अनुमती दिने**

१. टावर राख्ने संस्थामा न.पा. व्यवसायमा दर्ता भई चालु आ.ब. सम्मको कर बुझाएको हुनु पर्ने ।
२. टावर राख्ने घरको नक्सापास र निर्मण सम्पन्न प्रमाण पत्र पेश गर्नु पर्ने ।
३. टावरको अनुमती वापत रु १५००।- दस्तुर बुझाउनु पर्ने ।
४. अग्रिम भाडा वापतको तोकिएको प्रतिशतले हुने बार्षिक कर घर वहालकर वापतको रकम बुझाउनु पर्ने । प्रत्येक बर्ष भाडाको घर वहाल कर रकम बुझाउनु पर्ने ।

## भरतपुर नगरपालिकाबाट बैदेशिक प्रयोजन कागजातका लागि निम्नानुसार व्यवस्था गर्ने निति

### १. बैदेशिक प्रयोजनका लागि गरिने घरजग्गाको मूल्यांकन तर्फ :–

क. वडाको सर्जमिन तथा प्राविधिकको मूल्यांकनका आधारमा न.पा.कार्यालयबाट प्रमाणित गर्ने ।

ख. एकपटकका लागि ६ महिना सम्ममा सोहि मूल्याकंनमा रिन्यू गर्न वा रकम थपघट गर्न आएमा प्रति सिफारिस रिन्यू दस्तुर वापत रु.४९०। चारसय नब्बे रकम लिई रिन्यू गर्ने । तथा रकम बढी राख्नु पर्ने भएमा पहिला तिरेको शुल्क दस्तुर नपुगेमा थप रकम लिने ।

ग. यस कार्यबाट असुल हुने निवेदन वाहेकको रकम लाई बैदेशिक सिफारिस मूल्याकंन सेवा शुल्कको महल छुट्टै बनाई दैनिक टिप्पन आवार्जे र मासिक आम्दानी विवरणमा चढाउने ।

घ. . मूल्याकंन रकममा निम्नानुसार सेवा शुल्क असुल गर्ने ।

| | |
|---|---|
| अ. २५ लाख सम्म | १,०००। |
| आ. ५० लाख सम्म | १,३००। |
| इ. ७५ लाख सम्म | १,६००। |
| ई. १ करोड सम्म | २,०००। |
| उ. १ करोड ५० लाख सम्म | २,५००। |
| ऊ. २ करोड सम्म | ३,०००। |
| ए. २ करोड ५० लाख सम्म | ३,५००। |
| ऐ. ३ करोड सम्म | ४,२००। |
| ओ ४ करोड सम्म | ५,०००। |
| औ. ५ करोड सम्म | ७,०००। |

५ करोड भन्दा माथि ७,०००। पछिको रकममा प्रति सय ०।०५ पांच पैसाका दरले हुने रकम जोडि लिने ।

### २. बैदेशिक प्रयोजनका लागि आयश्रोत प्रमाणित सिफारिस गर्दा निम्नानुसार गर्ने ।

क. व्यवसाय दर्ता गरि व्यवसाय प्रमाणपत्र लिएको प्रमाणपत्रको आधारमा मात्र व्यवसायबाट आयश्रोत प्रमाणित गरिनेछ । तर यस नगरपालिका भित्रका करदाताहरुको व्यवसाय भएको अवस्थामा प्रमाण पत्र नलिएता पनि कर बुझाएको भएमा बांकी अवधिको कर लिने र घरेलु वा कर तथा आन्तरीक राजश्व कार्यालयमा दर्ता भएका व्यवसायहरुलाई व्यवसाय संचालन मिति देखिको व्यवसाय कर लिई व्यवसाय दर्ता गरि चालु आ.व.. सम्मको कर क्लिरियन्स गराई आयश्रोत प्रमाणीत शुल्क वापत लाग्ने दस्तुर लिई स्व घोषीत आयश्रोत प्रमाणीत गरिनेछ ।

ख. वडा समितिको कार्यालयले न.पा.मा दर्ता भएको व्यवसाय प्रमाण पत्रका आधारमा सम्बन्धि व्यवसायबाट व्यवसाय कर वा व्यवसाय शुल्क निर्धारण भए बमोजिम करदाताले सो घोषित आयश्रोत पेश गरेमा सम्पूर्ण कागजात चेकजांच गरि सिफारिस गर्ने र सो को आधारमा न.पा. कार्यालयबाट आम्दानी प्रमाणित गरि दिने ।

ग. एकचोटी तयार गरि सहिछाप र चलानी गरि लगिएको पत्र अफिसियल कारण वाहेक करदाता स्वयमका कारणबाट हेरफेर गर्नु पर्ने भएमा सम्बन्धितले निवेदन सहित पुरानो कागजात पेश गरि सिफारिस माग गर्नु पर्ने र निवेदन तथा सिफारिस दस्तुर बुझाउनु पर्नेछ ।

### ३. बैदेशिक प्रयोजनका लागि जग्गा तथा घरभाडा तर्फ आयश्रोत प्रमाणित सिफारिस गर्दा निम्नानुसार गर्ने ।

क. करदाताले जग्गा र घरको विवरण भएको कागजात सहित वडा समिति कार्यालयको सिफारिस पेश गर्नु पर्ने ।

ख. प्राप्त हुने बार्षिक भाडा रकम घर र जग्गाको जे बाट आयश्रोत देखाउने सोको भाडामा दिएको सम्झौता पत्र पेश गर्नु पर्ने ।

ग. करदाताको सो घोषित आम्दानीका आधारमा घरभाडा बार्षिक सयकडा दुई प्रतिशतले लाग्ने रकम तथा जग्गा भाडाबाट बार्षिक सयकडा १ एक प्रतिशत वहालकर तिरेको रसिदको प्रतिलिपी वा करउपशाखाले दिएको प्रमाण अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

### ४. बैदेशिक प्रयोजनका लागि सवारी साधनहरुबाट आयश्रोत प्रमाणित सिफारिस गर्दा निम्नानुसार गर्ने ।

क. न.पा.मा बार्षिक कर बुझाई सवारी दर्ता गरेका सवारी साधनहरु मात्रलाई आयश्रोत प्रमाणित गर्ने ।

ख. सवारी साधनको बिलबुक र न.पा. दर्ता प्रमाणपत्र पेश भएपछि वडा समिति कार्यालयको सिफारिसमा करदाताले स्वघोषित गरे बमोजिम आयश्रोत प्रमाणित गर्ने ।

**५ बैदेशिक प्रयोजनका लागि कृषिजन्य उत्पादन तथा कृषि समाग्रीबाट आयश्रोत प्रमाणित सिफारिस गर्दा निम्नानुसार गर्ने ।**

क. करदाताले आफ्नो जग्गा वा भाडामा लिई कृषि सम्बन्धि कृषि सामाग्री उत्पादनका आधारमा स्वघोषित रुपमा आवश्यक कागजात सहित लालपुर्जा, भाडामा लिएको भएको सम्झौता पत्र तथा न.पा मा एकिकृत कर तिरेको रसिदहरुको प्रतिलिपी सहित वडा समिति कार्यालयको सिफारिस कागजातका आधारमा न.पा. कार्यालय सेवा शुल्क लिई आयश्रोत प्रमाणित गर्ने ।

**६. बैदेशिक प्रयोजनका लागि तलबबाट आयश्रोत प्रमाणित सिफारिस गर्दा निम्नानुसार गर्ने ।**

क. कुनै व्यक्तिले आफूले कुनै कार्यालय,संस्था तथा फर्महरुमा कार्य गरेवापत पाउने तलब पारश्रमिक आवश्यक कागजात प्रतिलिपी र वडा समिति कार्यालयको सिफारिस कागजातका आधारमा न.पा. कार्यालय सेवा शुल्क लिई आयश्रोत प्रमाणित गर्ने ।

ख. सेवाग्राही न.पा.मा दर्ता हुनु पर्ने व्यवसाय दर्ता नभएको र कर क्लीरियन्स नगरेको व्यवसायको तलब प्रमाणीत गर्न वाध्य हुने छैन् । तर व्यवसाय दर्ता गरि कर क्लिरियन्स गरेमा सेवाग्राहीलाई सिफारिस दिन सकिनेछ ।

**७. बैदेशिक प्रयोजनका लागि शेयर, बोनस अन्य किसिमका आम्दानीमा आयश्रोत प्रमाणित सिफारिस गर्दा निम्नानुसार गर्ने ।**

क. सम्बन्धित पक्षले न.पा.बाट आयश्रोत प्रमाणितका लागि आवश्यक पर्ने कागजातको प्रतिलिपि संलग्न राखि वडा समितिको कार्यालयको सिफारिसका आधारमा न.पा.ले आयश्रोत प्रमाणित गर्ने ।

ख. शेयर वापत वा अन्य किसिमका आम्दानी श्रोतका लागि न.पा.मा व्यवसाय दर्ता वा न.पा.को कुनै कागजात आवश्यक पर्ने भएमा त्यस्ता प्रकारको कागजातको लाग्ने दस्तुर कर आदी सम्बन्धित पक्षले अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यस्ता प्रकारको आयश्रोत प्रमाणित गर्न न.पा. वाध्य हुने छैन ।

माथि उल्लेख भए बमोजिमका शिर्षकहरुमा आयश्रोत प्रमाणित गर्दा निम्नानुसार निवेदन, सिफारिस दस्तुर तथा सेवा शुल्क करदाताले भरतपुर नगरपालिका कार्यालयमा बुझाउनु पर्ने र कार्यालयले असुल गर्नु पर्नेछ ।

## आयश्रोत प्रमाणित तर्फको दस्तुर तथा सेवाशुल्क

| | |
|---|---|
| क. निवेदन वापत प्रति निवेदन रु. | १०। |
| ख. रु. २० लाख सम्म प्रतिलाख रु. | १००। |
| ग... सो भन्दा माथिको रकममा प्रतिलाख रु. | १५०। |

**( तर न्यूनतम रु. ४९०।– आय शुल्क प्रमाणीत सिफारिस दस्तुर कायम गरिएकोछ । )**

**अन्तिम लाख बराबर रु. ९०।०० मात्र कायम गरिने छ । जस्तै १४,६८,४२१।०० भएमा १४९०। दस्तुर लिने र रु. १०।०० निवेदन वापत जोडी १५००।०० गर्ने यसै प्रकार .....**

यसरी लाख भन्दा माथि अर्को लाख सम्मको अंकलाई १ लाख बराबर मानि प्रतिलाख रु. १००। दस्तुर थप गर्दै दस्तुर असुली गरिनेछ ।

**जस्तैः** ६ लाख भन्दा माथि ७ लाख सम्म आउने अंकलाई एकलाख भित्र मानि प्रति लाख सयले रु. ६९०। दस्तुर लिने ।

७ लाख भन्दा माथि ८ लाख सम्म आउने अंकलाई एकलाख भित्र मानि प्रति लाख सयले रु. ७९०। दस्तुर लिने ।

**( यस प्रकार लाखको अंक भन्दा माथि अर्को लाख सम्मको अंकमा रु १००।–थप गर्दै जाने । )**

नगरपालिका कार्यालयबाट लाग्ने कर दस्तुर शुल्क आदी क्लिरियन्स भए पछि मात्र कागजात प्रमाणित गरिनेछ ।

उल्लेखित आयश्रैंत प्रमाणित कागजातका सन्दर्भमा, एकचोटी तयार गरि सहिछाप र चलानी गरि लगिएको पत्र अफिसियल कारण वाहेक करदाता स्वयमका कारणबाट हेरफेर गर्नु पर्ने भएमा एकपटकका लागि ६ (छ) महिना सम्मका लागि सम्बन्धितले निवेदन सहित पुरानो कागजात पेश गरि सिफारिस माग गरेमा सोहि मूल्याकंनमा रिन्यू गर्न वा रकम थपघट गर्न आएमा प्रति सिफारिस रिन्यू दस्तुर वापत ४९०। चारसय नब्बे मात्र रकम लिई रिन्यू गर्ने । तथा रकम बढी राख्नु पर्ने भएमा पहिला तिरेको शुल्क दस्तुर नपुगेमा थप रकम लिने ।

- एक आर्थिक बर्ष समाप्त भई अर्को आर्थिक बर्ष शुरु भएको हकमा कर तर्फ तिर्नु पर्ने कर क्लिरिसन्स हुनु पर्नेछ ।

**<u>नगरपालिका क्षेत्रभित्रको व्यवसाय दर्ता तथा सो सम्बन्धि अन्य कार्यका लागि न.पा.बाट तयार गरिएको व्यवसाय कर सम्बन्धि निति :</u>**

<u>१. दर्ता तर्फ :</u>

क. न.पा. भित्रका व्यवसाय दर्ता गर्दा न.पा.ले तयार गरेको व्यवसाय दर्ता निवेदन फाराम भरी वडाको तथा कर टोलीको सिफरिसमा न.पा.ले दर्ता गर्ने ।

ख. व्यवसाय दर्ताको लागि नागरिकताको प्रमाणपत्रको पेश गर्नु पर्ने । २ प्रति फोटो समेत ।

ग. विदेशीको हकमा दुतावासको अनुमति पत्र पेश गर्नु पर्ने । २ प्रति फोटो समेत ।

घ. जग्गा वा घर भाडामा लिई व्यवसाय संचालन गर्नेले जग्गा वा घरभाडामा लिएको सम्झौता गरेको कागजात र चालु आ.व. सम्मको एकिकृत सम्पत्ति कर तिरेको क्लिरियन्स पेश गर्नु पर्ने ।

ङ. न.पा. वाट तोकिएको एक आर्थिक बर्षको कर तथा दर्ता शुल्क बुझाउनु पर्ने ।

च. पहिला देखि नै संचालन भएका व्यवसायको हकमा संचालन भएको आ.व. देखि कर असुल गरि व्यवसाय दर्ता गरिनेछ ।

छ. पहिला अन्य कुनै निकायमा दर्ता भएका व्यवसायको सोहि आ.व.देखि व्यवसाय कर असुल गरि दर्ता गरिनेछ ।

ज निवेदन पेश भएको सोहि दिन वा अर्को दिन व्यवसाय निरिक्षण गरि न.पा.ले व्यवसाय दर्ता गर्न सक्नेछ ।

झ. नागरिकता नभएका विदेशीको हकमा व्यवसाय कर असुल गरि नगदी रसिद दिइनेछ ।

<u>२. व्यवसाय नविकरण तर्फः</u>

क. पहिला दर्ता भई सकेका व्यवसायको तोकिए बमोजिमको कर बुझाए पछि न.पा. कार्यालयबाट नविकरण गरिनेछ । करदाता चालु आ.व. सम्मको कर बुझाउन असमर्थ रहेमा चालु आ.व.को ६ महिना भित्र गत आ.व. सम्मको कर लिई प्रमाण पत्र नविकरण गर्न पनि सकिनेछ ।

ख. न.पा.ले टोली खटिएको अवस्थामा कर असुल गरि नविकरण गर्न पनि सकिनेछ ।

ग. कर बुझाएका र नविकरण गरिएका करदाताको दर्ता रजिष्टरमा बुझाएको र.नं ,रकम र आ.व. को विवरण लेखि नविकरण गर्नु पर्नेछ ।

घ. विशेष परिस्थितीमा बक्यौता रहेको कर किस्ताबन्दी अवस्थामा न.पा.को निर्णय अनुसार लिन सकिनेछ । असुली आ.व. सम्मको मात्र नविकरण गरिनेछ ।

<u>३. व्यवसाय बन्द तथा संचालन नभएका तर्फ :</u>

क. नगरपालिकामा व्यवसाय दर्ता गरि संचालन नभएका व्यवसाय व्यवसायको हकमा फर्म यथावत राख्नका लागि करदाताले प्रत्येक आ.व.को तोकिएको व्यवसाय शिर्षकको न्यूनतम दररेट अनुसारको कर बुझाई नविकरण गर्दै जानु पर्नेछ । यसका लागि वडा समिति कार्यालयबाट संचालन नभएको सर्जमिन मुचुल्का तथा न.पा. ले माग गरेमा उ.वा.संघको सिफारिस पेश गर्नु पर्नेछ ।

ख. नगरपालिकामा मात्र दर्ता भएका व्यवसाय बन्द गरि दर्ता खारेज गर्न सम्बन्धित वडा समिति कार्यालयको सिफारिस सम्बन्धित करदाताले पेश गर्नु पर्नेछ र गत आ.व. सम्मको कर चुक्ता गरेको हुनु पर्नेछ । तर व्यवसाय दर्ता गरि संचालनमा नरहेका र व्यवसाय बन्द गरि लगत कट्टा नगरेका व्यवसायीहरुको लगत कट्टा गरि दर्ता खारेज गर्नका लागि ३ बर्ष भन्दा बढी बक्यौता रेर्कड भएका व्यवसायीलाई दर्ता गर्दाको अवस्थामा तोकिएको बार्षिक कर रकम अनुसार हुने तिन बर्षको कर रकम असुल गरि अन्य निकायमा सिफारिस गर्दा वडा समिति कार्यालयको मुचुल्का र न.पा.मा मात्र दर्ता खारेज दर्गा वडा समिति कार्यालय वा फिल्डमा खटिएको टोली प्रमुखको सिफरिसमा दर्ता खारेज गर्ने तथा सिफारिस गर्ने निर्णय गरियो । यो सुविधा यसै आ.ब को बांकी अवधि देखि नै लागू गर्ने समेत निर्णय गरियो ।

ग. नगरपालिकामा व्यवसाय बुझाउनु पर्ने दायित्व भएका व्यवसायीहरुले व्यवसाय कर चालु आर्थिक बर्ष भित्र नबुझाएमा नगरपालिकाले जरिवाना तोक्न सक्नेछ ।

घ. अन्य निकायमा व्यवसाय दर्ता गरि संचालन नभएको वा बन्द गरि खारेज गर्न सिफरिस माग गर्दा त्यस्ता प्रकारको सिफरिस दिन न.पा. बाध्य हुने छैन । तर आवश्यक ठानेमा निम्नानुसार आधारमा सिफरिस गर्न सक्नेछ ।

**अ.** संचालन नभएको सिफारिस माग गर्ने व्यवसायीले गत आ.व. सम्मको न.पा.मा तोकिएको व्यवसाय वर्गिकरण अनुसारको न्यूनतम कर बुझाई सिफारिस माग गरेमा न.पा.ले वडा समितिको सर्जमिन मुचुल्का सहित आवश्यक परेमा उ.वा. संघको सिफरिस समेतका आधारमा लाग्ने कर तथा सिफारिस दस्तुर लिई सिफारिस दिन सक्नेछ र संचालनका लागि चालु आ.व.को लागि तोकिएको कर तथा दर्ता शुल्क बुझाई व्यवसाय दर्ता गर्नु पर्नेछ ।

**आ.** दर्ता खारेज गर्नका लागि सिफारिस माग गर्ने व्यवसायीले शुरु आ.व. देखि गत आ.व. सम्मको न.पा.मा तोकिएको व्यवसाय वर्गिकरण अनुसारको न्यूनतम कर बुझाई सिफारिस माग गरेमा न.पा.ले वडा समितिको सर्जमिन मुचुल्का सहित आवश्यक परेमा उ.वा. संघको सिफरिस समेतका आधारमा लाग्ने कर तथा सिफारिस दस्तुर लिई सिफारिस दिन सक्नेछ ।

**४. सेवा रोक्का तथा कर चुक्ता सम्बन्धमा ।**

नगरपालिकाबाट करदाता वा निजको परिवारले जुन सुकै सेवा लिनका लागि करदाताले आफ्नो व्यवसायकर बुझाउन पर्नेछ अन्यथा नगरपालिकामा कर चुक्ता नभए सम्म न.पा.ले सेवा दिन वाध्य हुनेछैन ।

**निर्णय नं.**

राश्जश्व शाखा अन्तरगतका नगर परिषदमा अनुमोदन गराउने गरि गरिएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.**

नगर परिषदमा निर्धारण हुन छुट भएका तथा संशोधन गर्नु पर्ने कर, दस्तुर,शुल्क, महशुल तथा अन्य नितिगत बिषयमा निर्णय गर्ने अधिकार आगामी नगरपरिषदमा अनुमोदन गराउने गरि नगरपालिका वोर्डलाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.**

राष्ट्रिय सहकारी विकास वोडको भरतपुर वडानं. ९ स्थित साविक भरतपुर ६।ग कि.नं. २४३६ ज.वि. ४-९-११ ( चार विगाहा नौ कठ्ठा एघार धुर ) क्षेत्रफल भएको जग्गा यस भरतपुर उपमहानगरपालिका र सहकारी विकास वोर्ड विच मिति २०६०।११।१५ मा भएको सम्झौता बमोजिम जग्गाको मालपो एवम एकिकृत सम्पत्तिकर आ.ब. ०७२।७३ सम्मको मिन्हा गर्न र हाल बस टर्मिनलले प्रयोग गरेको क्षेत्रफल वाहेक सहकारी विकास वोर्डले राखेको क्षेत्रफल र भवनको आ.ब.०७३।७४ देखि एकिकृत सम्पत्तिकर लिने निर्णय गरियो ।